# नेपाल सरकार
# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
## सिंहदरवार, काठमाण्डौ ।

# आ.व. २०७७/०७८ को प्रमुख उपलब्धिहरु

## मंसिर २०७८
## अनुगमन तथा मुल्याङ्कन शाखा

# पृष्ठभूमि

अद्वितीय प्राकृतिक एवं सांस्कृतिक सम्पदाको वैभव र विविधतायुक्त मुलुक नेपालको सर्वोच्च शिखर, विश्व शान्तिकोउद्गमभूमी तथा अतिथिमैत्री नेपाली समुदायको कारण विश्व पर्यटन बजारमा आकर्षक गन्तव्यको रुपमा विशिष्ट पहिचान कायम रहेको छ ।

वि.सं. २००७ साल पछि विदेशी पर्यटकहरुको लागि आवागमन खुला भएको नेपालमापर्यटनलाई प्रथम पञ्चबर्षीय योजना देखीनै प्रचुर सम्भावनाकोक्षेत्रको रूपमा उल्लेख गरीदै आएको छ। पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनलाई व्यवस्थित ढंगले अगाडि बढाउन सर्वप्रथम वि.सं. २०१६ सालमा पर्यटन बोर्डको स्थापनासँगै शुरु भएको संस्थागत यात्रावि.सं. २०३४ सालमा पर्यटन मन्त्रालयको स्थापनासँगै थप व्यवस्थितभएको थियो। संस्कृति, पर्यटन र नागरीक उड्डयन क्षेत्रको एकीकृत र सन्तुलित विकासले समग्र लक्ष्य हासिल गर्न सकिने यथार्थबोधसँगै वि.सं. २०७१ मा हालको संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयको स्वरूप प्राप्त गरी नेपाल सरकार (कार्य विभाजन) नियमावलीले निर्दिष्ट गरे बमोजिमका कार्यहरू सम्पादन हुँदै आएका छन्।


पर्यटन क्षेत्रलाईनेपालको अर्थतन्त्रको अभिन्न एवं महत्वपूर्ण सम्वाहकको रुपमा विकास गर्न संस्कृति, पर्यटनर नागरीक उड्डयन क्षेत्रको सन्तुलित विकास हुनु अनिवार्य रहेको छ। तसर्थ, सार्वजनिक निजी साझेदारीको एवं सरकारीस्तरमा समनिकाय र अन्तर तहबीचको सहकार्यमा उक्त क्षेत्रहरूको एकीकृत र वृहत विकास सम्बन्धीत योजनाहरू सञ्चालन हुँदै आएका छन्। हाल, संघीय शासनको मर्म अनुरूप नेपालको संविधान एवं प्रचलित कानून बमोजिम प्रदेश तथा स्थानीय तहले सम्पादन गर्न सक्ने जिम्मेवारीहरू क्रमश: उनीहरूलाई हस्तान्तरण गरीएको छ।

पन्धौं योजना २०७६/७७-८०/८१ का उद्देश्यहरू तथा नेपालले प्रतिवद्धता जनाएको विश्वव्यापी दीगो विकासका लक्ष्यहरू हासिल गर्न मन्त्रालयको क्षेत्राधिकारमा रहेका जिम्मेवारीहरू कुशलतापूर्वक एवं उत्तरदायी ढंगले सम्पादन हुँदै आएका छन्। पर्यटनलाई प्रतिस्पर्धात्मक लाभको क्षेत्रको रुपमा विकास गर्दै विश्व वजारमा खरो उत्रन र त्यसका लाभहरू समुदायस्तरसम्म पुर्‍याउने गरी आवधिक योजनालेसमेत प्राथमिकताप्राप्त क्षेत्रको रुपमा पहिचान गरेको छ। नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्य हासिल गर्न संस्कृति, पर्यटन र नागरीक उड्डयनको क्षेत्रमा सक्रिय सरकारी, निजी एवं गैरसरकारी क्षेत्रका प्रयासहरूलाई गतिशिलरूपमापरिचालन गरी योगदान दिन यस मन्त्रालयले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।


नेपालको संविधानको मर्म, पन्ध्रौ योजनाको सोच र दिगो विकासको लक्ष्यको प्राप्तिका लागि ठोस योगदान पुग्ने गरी मन्त्रालयले सम्वद्ध क्षेत्रको नीति तथा योजना निर्माण गरी सो बमोजिम कार्यक्रम तथा आयोजना कार्यान्वयनमा ल्याएको छ ।मन्त्रालयद्वारा विकास कार्यमा गरीएको लगानीको प्रतिफल मापन गर्न र सेवा प्रवाहमा भएको सुधारको पक्षको आँकलन गरी भावी दिनमा पृष्ठपोषण मार्फत थप सुधार गर्न तथा उत्तरदायित्व अभिवृद्धि गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कन पद्धतिको अवलम्वन अपरिहार्य हुन्छ ।यसै सन्दर्भमाआ.व. २०७७/०७८ मा संस्कृति, पर्यटन तथा नागरीक उड्डयन क्षेत्रमा सम्पन्न भएका मुख्य-मुख्य उपलब्धिहरुलाई देहायबमोजिम उल्लेख गरीएको छ ।

## १. विनियोजित बजेट र खर्चको स्थिति

आर्थिक बर्ष २०७७/०७८ मा यसमन्त्रालयलाई २६ अर्व ९२ करोड ८४ लाख विनियोजन भएको थियो । जसमध्ये चालुतर्फ ३ अर्व ८४ करोड ३८ लाख,२ अर्व १२ करोड ८१ लाख र २० अर्व ९५ करोड ६५ लाख वित्तीयव्यवस्थातर्फ विनियोजन भएको थियो ।




विनियोजित बजेटबाट चालु तर्फ ७२.०८ प्रतिशत, पुंजीगत तर्फ ८२.६५ प्रतिशत, वित्तीय व्यवस्थातर्फ ५६ प्रतिशत र समग्रमा ७०.२४ प्रतिशत खर्च भएको छ ।




## २. मन्त्रालयका मुख्य कार्यक्रम तथा आयोजनाहरुको प्रगतिको सारांश

मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका संस्कृति, पर्यटन तथा नागरीक उड्डयन क्षेत्र अन्तर्गत आ.व.२०७७/०७८ मा भएका प्रमुख उपलब्धिहरुलाई देहायको तालिकामा उल्लेख गरिएको छ।

| सि.नं. | कार्यक्रम तथा आयोजना | २०७६/७७को सम्मको अवस्था | २०७७/७८को | | हालसम्मको कुल प्रगति |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | |
| १. | प्रति पर्यटक प्रतिदिन खर्च(डलर) | ४८ | ४८ | ६१ | ६१ |
| २. | प्रति पर्यटक औसत बसाई(दिन) | १२.७ | १२.७ | १५.१ | १५.१ |
| ३. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार तथा स्तरोन्नति (प्रतिशत) | ३७ | १०० | ९९ | ९९ |
| ४. | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | १८ | १०० | ९७.३३ | ९७.३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | (प्रतिशत) | | | | |
| ५. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (प्रतिशत) | १९ | १०० | ८१ | ८१ |
| ६. | सम्पदा पुनःनिर्माण (संख्या) | ७३ | २०० | १३८ | ५८९ |
| ७. | पर्यटक आगमन (जना) | ११,९७,१९१( सन२०१९) | ८,५०००० | २,३०,०८५(सन् २०२०) | २,३०,०८५(सन् २०२०) |
| ८. | सञ्चालनमा रहेका विमानस्थल (वटा) | ३२ | | ३५ | ३५ |
| ९. | बर्षैभरि सञ्चालन योग्य विमानस्थल(वटा) | ३५ | | ३७ | ३७ |
| १०. | रात्रीकालीन उडान सञ्चालनमा आएका विमानस्थल (वटा) | १ | | ८ | ८ |
| ११. | नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (वटा) | २ | | २७ | २७ |
| १२. | पर्यटकस्तरका होटल (संख्या) | ३५ | | १३१३ | १३१३ |
| १३. | निर्मित नयाँ पदमार्गको लम्बाई (GHT समेत) (कि.मी.) | ७७ | | २२८ | ५५० |

## ३.पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरुः

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७७/७८ को लक्ष्य | आ.व. २०७६/७७ सम्मको प्रगति | आ.व. २०७७/७८ को प्रगति |
|---|---|---|---|---|---|
| ३. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता | ३२. द्विपक्षीय हवाई सम्झौता भएका मुलुक | संख्या | ४१ | ४० | ४० |
| | ३३. अन्तराष्ट्रिय तथा क्षेत्रीय विमानस्थल | संख्या | ३ | १ | १ |
| | ३४. आन्तरिक विमानस्थलको स्तरोन्नति | संख्या | ३७ | ३५ | ३७ |
| ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २. अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ६ | २.०५ | २.०५ |
| | २८.विदेशि पर्यटन आगमन | संख्या (लाखमा) | २००० | ११.९७ | २.३०( २०१९ को भन्दा ८० % ले घटेको) |
| | २९. विदेशी पर्यटकको औसत बसाई | दिन | १३.५ | १२.७ | १५.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३०.प्रति पर्यटक खर्च (प्रति दिन) | अमेरिकी डलर | ६१ | ४८ | ६५ |
| ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ६३.नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट | संख्या लाखमा | १२० | ८० | ७८ |
| | ३१. पर्यटन क्षेत्रमा थप प्रत्यक्ष रोजगारी सिर्जना | संख्या (हजारमा) | ७५ | ३.८ | ३.८ |
| | ६४.पर्यटन स्तरको होटल बेड –१ देखि ५ तारे होटल र हेरिटेज बुटिक होटल तथा रिसोर्ट समेत | | | | १८१५१ |
| | तारे होटल | होटल संख्या | २१६ | १३८ | १४२ |
| | | बेड संख्या | २०९४० | १३२०० | १३९०० |
| | अन्य होटल | होटल संख्या | १४९७ | ११५१ (२०१९मा) | प्रदेशमा हस्तान्तरण भएको । |
| | | बेड संख्या | ४४९१० | ३०७९९ | |
| | होमस्टे र क्षमता | संख्या | ३५९ | ३८९ (२०१९मा) | |
| | | बेड संख्या | १४४० | १०८८(२०१९मा) | |
| | ६५. पदमार्ग | कि.मि. | ५५६ | ३३२ | २२८ |
| | ६६. पहिचान तथा विकास भएका पर्यटकीय गन्तव्यस्थल | संख्या | २०८ | १९२ | प्रदेश नमुना गन्तव्य ७, स्थापित १०० र नयाँ १४८ सहित कुल २५५ |
| | ६७. पर्यटन क्षेत्रमा उत्पादित दक्ष जनशक्ति | संख्या | १५००० | ९१२८ | २०५४ |
| ६. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | २७.साँस्कृतिक सम्पदाको डिजिटाइजेसन | संख्या | १४५०० | २०,००० | २०,००० |
| | २८. प्रतिलिपि अधिकार संरक्षण | संख्या | २३०० | १९७४ | २०४२ |

## ४.मन्त्रालय र मातहतका निकायहरुको प्रगतिः

| सि. नं. | आयोजना/कार्यक्रम | वार्षिक बजेट रु लाखमा | आ.व ०७५/७६ को प्रगति | आ.व ०७६/७७को प्रगति | आ.व ०७७/७८ को प्रगति (%) | |
|---|---|---|---|---|---|---|
| | | | भौतिक | भौतिक | भौतिक | वित्तिय |
| १. | संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३६७२ | ९२.५७ | १०० | ९७ | ६२.०४ |
| २. | पर्यटन विभाग | १४६७ | ९४.५४ | ९२ | ९०.८५ | ८९.९९ |
| ३. | पुरातत्व विभाग | १८९१ | १०० | ६६ | १०० | ८४.३२ |
| ४. | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ५७ | १०० | | ८१.८१ | ८२.९० |
| ५. | राष्ट्रिय अभिलेखालय | ५७३ | १०० | ६७ | ८४ | ८० |
| ६. | राष्ट्रिय संग्रहालय | ४०९ | १०० | ९८ | ९३ | ७८ |
| ७. | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १३७ | १०० | ७२ | ६६.८४ | ६६.८४ |
| ८. | नेपाल प्रज्ञा प्रतिष्ठान | १५५० | ९८.७ | ९८ | ९०.२१ | ९५.५० |
| ९. | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ५४२ | ८५ | ९४ | ८५.१२ | ९६.१८ |
| १०. | नेपाल संङ्गित तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ८०० | ७२.१ | ९७ | ७९.४२ | ६२.०३ |
| ११. | सांस्कृतिक संस्थान | १८० | १०० | ९९ | ७५ | १०० |
| १२. | नारायणहिटी दरबार संग्रहालय | ७७१ | १०० | १०० | १०० | ९७.१ |
| १३. | भाषा आयोग | ६३९ | ८१.४७ | ७० | १०० | ८६.७६ |
| १४. | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ७६२ | ९२ | | ९२.५५ | ८२.६३ |
| १५. | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ४४० | १०० | ८७.६ | ८९.४४ | ८०.४८ |
| १६. | क्षेत्रीय संग्रहालय, कपिलवस्तु | १३३ | १०० | २० | ७०.७१ | ७१.४ |
| १७. | संग्रहालयहरु | २८५ | | ६८ | ९९ | ८०.०६ |
| १८. | ऐतिहासिक दरवारहरु | ८१६ | | १०० | ९८ | ७६.३७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९. | राष्ट्रिय कला संग्रहालय भक्तपुर | १८५ | | | ९० | ७२.४१ |
| २०. | स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालय भक्तपुर | १३२ | | | १०० | ८० |
| २१. | तारागाउँ विकास समिति | ३४६ | | १०० | ८१.१० | ९०.७४ |

## ५. राष्ट्रिय गौरवका आयोजनामा प्राप्त प्रमुख उपलब्धिहरुः

### (क) गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलः

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको आ.व. २०७७/७८ सम्मको भौतिक प्रगति ९७.३३ प्रतिशत र वित्तीय प्रगति ७७ प्रतिशत रहेको छ।सन् २०२१ को डिसेम्वर सम्ममा सम्पन्न गर्ने लक्ष्य सहित निर्माण कार्य अगाडी बढिरहेको धावन मार्ग, ट्याक्सी वे, पार्किङ्ग क्षेत्र (एप्रोन) को निर्माण कार्य सम्पन्न भई विद्युतीय काम समेत सम्पन्न । प्रशासकिय भवन, कन्ट्रोल टावर को निर्माण कार्य सम्पन्न EquipmentInstallation Work समेत सम्पन्न । अन्तर्राष्ट्रिय टर्मिनल भवनमा फिनिसिङ्ग तथा EquipmentInstallation को काम अन्तिम चरणमा । पेरिमिटर रोड, ड्रेनेज, फेन्सिङ्ग, पानी ट्याङ्की, कार पार्किङ्ग, फायर विल्डिङ्ग, पेरिमिटर रोडको काम सम्पन्न । सञ्चार उपकरणहरुको जडान कार्य सम्पन्न भएको छ ।उक्त विमानस्थलमा प्राविधिक जाँच गरी Callibration र test flight गरिसञ्चालनमा ल्याउन तयारी कार्य अन्तिम चरणमा रहेको छ ।

### ख)पोखरा अन्तर्राष्ट्रिय विमानस्थलः

पर्यटकीय शहर पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य तोकिएको समयभन्दा अगाडि नै सन् २०२० सम्ममासम्पन्न गर्नेगरी कार्य अघि बढाइएकोमा कोभिड संकटका कारण लक्ष्य पूरा हुन सकेन । आ.व. २०७७/७८सम्ममा यस आयोजनाको भौतिक प्रगति ८१ प्रतिशत र वित्तीय प्रगति ५८ प्रतिशत रहेको छ। २५०० मिटरको धावनमार्ग, ट्याक्सी वे , एप्रोन, आइसोलेटेड पार्किङ एवंम् Access Road को सिभिल निर्माण तर्फको कार्य सम्पन्न भई विद्युतीकरण सम्बन्धी कार्य चालु। अन्तर्राष्ट्रिय टर्मिनल भवन, ह्याङ्गर, प्रशासनिक भवन एवंम् कन्ट्रोल टावर लगायत सम्पूर्ण १४ वटा भवनहरु सम्वन्धी कार्यको संरचना निर्माणको कार्य सम्पन्न भई हाल फिनिसिङ्ग सम्वन्धी कार्य चालु।थप जग्गा अधिग्रहणको ९९% कार्य सम्पन्न भएको छ ।पोखरा विमानस्थलको उडानको लागि रिठ्ठे पानी डाँडा कटानको प्रकृया अगाडि बढाइएको छ ।

### (ग)निजगढ अन्तर्राष्ट्रिय विमानस्थलः

आ.व ०७७/७८ सम्ममा यस आयोजनाको साइट क्लियरेन्स,नदी नियन्त्रण लगायतका कार्य भइरहेको छ । हालसम्म नदी नियन्त्रण कार्य अन्तर्गत बकैया खोलामा ९७५ मिटर नदि नियन्त्रण कार्य भएको । पसाहा

खोलामा नदी नियन्त्रण कार्य सम्पन्न भएको ।मुआब्जा वितरणको कार्य अन्तर्गतआ. व. २०७७।०७८ मा ज.वि. ४-६-८-५ क्षेत्रफल नामसारी भएको र हालसम्म ७०-१-९-४ क्षेत्रफल नेपाल नागरीक उड्डयन प्राधिकरण (दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना) को नाममा नामसारी भएको छ।यस विमानस्थल निर्माण एवम लगानी पद्धतिका बारेमा छलफल भैरहेको छ ।

## घ)पशुपति क्षेत्र विकासकोषः

धार्मिक पर्यटनको एक प्रमुख गन्तव्यको रुपमा रहेको पशुपतिनाथ क्षेत्रमा गुरुयोजना अनुसार विकासका विभिन्न कार्यहरु योजनाबद्ध रुपमा सम्पन्न हुँदै आएको छ। आ.व. २०७७/७८ सम्ममा यस कोषको भौतिक प्रगति ८५ प्रतिशत र वित्तीय प्रगति ७० प्रतिशत रहेको छ ।आरध्यदेव पशुपतिक्षेत्रको वृहत गुरुयोजना प्राप्त भइ छलफलको क्रममा रहेको छ। पशुपति क्षेत्र भित्रका महत्वपूर्ण निर्माण कार्य (Civil works) सम्पन्न अवस्थामा रहेको, पुन निर्माण गर्नुपर्ने र मर्मत गर्नुपर्ने कार्य पुरातत्व विभागको सहकार्यमा अघि बढाइएको छ।कोभिडको उच्च संक्रमणको समयमा १० शवदाह स्थल थप भएको र हाल पूर्ववत अवस्थामा १८ वटा चिता रहेको छ ।पशुपति क्षेत्र वरपरको बागमती नदीको सरसफाईको अभियान सञ्चालनगरीएको ।मृगस्थलीमा भू-क्षय नियन्त्रण कार्य ८० प्रतिशत सम्पन्न भएको ।श्रीपशुपतिनाथको भान्छाघर पुनर्निर्माण कार्य,सिफल घ्याम्पेपाटि जीर्णोद्वार कार्य,विभिन्न मन्दिरमा गजुर राख्ने कार्यसम्पन्न भएको ।श्रीपशुपतिनाथ मन्दिरमा कोष बाट रू.५० करोड समेत जम्मा रू.८० करोडमा १०८ के.जी को सुनको जलहरी जडान कार्य सम्पन्न भएको छ ।

## (ङ)लुम्बिनी विकासकोषः

विश्व सम्पदा सूचीमा सूचीकृत भगवान गौतमबुद्धको पवित्र जन्मस्थल लुम्बिनीको योजनाबद्ध विकास गरी यसलाई प्रमुख पर्यटकीय एवं धार्मिक गन्तव्यको रुपमा विकास गर्न निरन्तर प्रयास जारी रहेको छ ।यो सम्पदा स्थलमा संयुक्त राष्ट्र संघसहितको पहलमा प्रा. केन्जो टाङ्गेद्वारा तयार गरी नेपाल सरकारले स्वीकृत गरेको लुम्बिनी गुरुयोजना कार्यान्वयनमा रहेको छ।सो गुरु योजना अनुसार हालसम्मको भौतिकतर्फको निर्माण कार्य प्रगति ८६ प्रतिशत र वित्तीय प्रगति ८५ प्रतिशत रहेको छ।लुम्बिनी विकास कोषभित्र ५०००मानिस अट्ने हल तथा ध्यान साधना केन्द्र भवन निर्माणको पहिलो फेज निर्माण सम्पन्न गरी दोस्रो फेजको निर्माण कार्य ३५प्रतिशत सम्पन्न भएको छ। विभिन्न विरुवा तथा फुलहरु उत्पादनका लागि नर्सरी विकास र विस्तार सम्बन्धमा विरुवाहरु उत्पादनको कार्य सम्पन्न भएको ।तिलौराकोट पुरातात्विक साइट र कुदानको सुरक्षा पर्खाल निर्माण तथा मर्मत कार्य सम्पन्न भएको ।लुम्बिनी गुरुयोजना अनुसारको पवित्र उद्यानमा रहेका गोलाई पोखरीको करिव २५प्रतिशत कार्य सम्पन्न भई क्रमागतरुपमा कार्य चालू रहेको । गौतमबुद्ध फलफुल वाटीका निर्माण तथा सौन्दर्यिकरण गर्ने, ल्यान्डस्केप गर्ने कार्य अन्तर्गत फलफुल बृक्षारोपण कार्यको ६०प्रतिशत र सडक दायाँ बायाँ ल्याण्डस्केप गर्ने कार्यको ५० प्रतिशत कार्य सम्पन्न भएको ।गुरुयोजनाका बाँकी कार्यहरु आगामी ३ वर्षभित्र सम्पन्न गर्ने गरी पहिलो चरणको बोलपत्र आव्हान भएको छ ।

## ६.त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रमुख उपलब्धिः

### त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलः

**धावनमार्गको उत्तर तर्फको एप्रोन निर्माणः-**

- निर्माण व्यवसायी पूर्णरुपमा मोविलाईज भइसकेको ।
- Top soil removing कार्य चालू ।
- निर्माण व्यवसायीले हालसम्म 83,635 घ.मी.loose माटो ल्याई 51,635 घ.मी. Laying and compaction गरि सकेको Sub Surface drainage को कार्य 892 मी. सकिएको तथा कार्य चालू रहेको ।
- नेपाल आर्मीको गल्फ क्लबको सात होलहरु स्थानान्तरण गर्न पटक पटक बैठक तथा समन्वय भई नेपाल आर्मी होल सार्ने प्रकृयामा रहेको ।
- दक्षिण तर्फ समानान्तर ट्याक्सी वे विस्तार कार्य मिति २६ फेब्रुअरी २०२१ मा विड खोली मूल्याङ्कन कमिटिबाट मूल्याङ्कन कार्य शुरु भई प्राविधिक मूल्याङ्कन अन्तिम चरणमा रहेको ।

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुप मा बुटिक एयरपोर्टको रुपमा रुपान्तरणःगर्ने कार्य देहाय बमोजिम हुदै गरेकोः-**

- Domestic and International Terminal Building Renovation –कार्य सम्पन्न भएको
- Canopy Construction (६३% कार्य सम्पन्न)Design review गरी नयाँ design अनुसार कार्य भैरहेको छ।

## ७.पर्यटनसम्बन्धीः-

तुलनात्मक लाभको दृष्टिले अग्रस्थानमा रहेको नेपालको पर्यटन क्षेत्र मुलुकको अर्थतन्त्रको एक प्रमुख आधार हो। समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच प्राप्त गर्ने रुपान्तरणको सम्वाहक पनि हो पर्यटन ।विश्वमा एक आकर्षक पर्यटकीय गन्तव्यको रुपमा नेपाललाई विकास गर्न नयाँ पर्यटकीय गन्तव्यको पहिचान, विकास, विस्तार र प्रवर्द्धन गरीपर्यटकीय सेवालाई गुणस्तरीय बनाउने ध्येयका साथ पर्यटकीय पूर्वधारहरुको निर्माण र प्रबर्द्धनात्मक कार्यक्रमहरु अगाडि बढाइएको छ।

### क.पर्यटन पूर्वाधारः

- एक प्रदेश एक पर्यटकीय पूर्वाधार विकास कार्यमा करिव ७५% सम्पन्न भएको ।
- पर्यटन सम्वन्धी पूर्वाधार तयार गर्न २१६ स्थानिय निकायलाइ साझेदारी कार्यक्रम गर्न सम्झौता भई क्रमागत योजना शुरु भएको ।
- दुर्गम स्थानमा ५ तारे होटल स्थापना गर्दा विभिन्न किसिमका सहुलियत लगायतका व्यवस्था गरिएको ।
- आरोहणका लागी खुलेका हिमाल ४१४ र २०२१ को शिशिर ऋतुमा ७५७ जनालाई पर्वतारोहण गर्न अनुमति प्रदान गरियो ।
- वंगलादेशमा पर्यटन प्रवर्द्धन लगायतका काम गर्न साँस्कृतिक कार्यक्रम सम्पन्न भएको।

- पदमार्ग र पर्वतारोहणको लागी नमुना योजनाको रुपमा GPS Tracking deviceको प्रयोगको ल्याइएको ।
- पर्यटन प्रवर्द्धनका लागी ताप्लेजुङ्गको सुधा पोखरीमा पदमार्ग एवम सौन्दर्यिकरण सम्पन्न ।
- दोलखामा मन्जुश्री पार्क देखि भिमेश्वर मन्दिर सम्म जाने पर्यटकीय पदमार्ग निर्माण ।
- कन्चनपुरको राना थारु संग्रहालय निर्माण सम्पन्न गरिएको ।
- सिरहाको वावा ताल बन्दीपुरview tower तथा पार्क निर्माण गरीएको ।
- ललितपुरको धापाखेल नागदह क्षेत्रमा walkway तथा Railing निर्माण गरीएको ।
- ताप्लेजुङ्गको सोधपोखरी, फुङ्गफुङ्गे झरना क्षेत्रमा पदमार्ग तथा सौन्दर्यिकरण सम्पन्न।
- रम्भादेवी मन्दिर तालपोखरा पाल्पा ताल संरक्षण तथा सौन्दर्यीकरण एवम पार्क निर्माण ।
- यस आ.व मा विभिन्न क्षेत्रमा २२८ कि.मि पदमार्गको निर्माण सम्पन्न भएको ।
- स्याङ्जाको घनौसा पर्यटकीय स्थलमा, स्वरेक मन्साकोट प्याराग्लाइडिङ्ग क्षेत्रमा,रामडाँडा क्षेत्रमा रसितलटार क्षेत्रमा पर्यटकीय पार्क निर्माण सुधार कार्य सम्पन्न गरिएको ।
- तनहुकोवेदव्यास क्षेत्रमा मन्दिर परिसर सुधार कार्य सम्पन्न गरिएको ।
- कास्कीकोहरिहर गुफामा विश्राम स्थल निर्माण कार्य सम्पन्न गरिएको ।
- गोसांईकुण्ड र पांचपोखरी क्षेत्रमा पदमार्ग तथा changing Room कार्य सम्पन्न गरिएको।
- तालपोखरा पर्यटन क्षेत्र पाल्पा ताल संरक्षण तथा सौन्दर्यीकरण कार्य सम्पन्न गरिएको ।
- यस आव मा वृहतर विराट क्षेत्र, वृहतर जनकपुर क्षेत्र, वृहतर गौरीशंकर क्षेत्र, बृहत्तर रारा क्षेत्र, वृहतर खप्तड क्षेत्रमा पर्ने विभिन्न १० स्थान गरी जम्मा ५० मुख्य स्थानहरुको DPR तयार गरी विभागको Project Bank तयार गरिएको।
- यस आ.व मा २२५ शैयाको ४ तारे होटेल र ६२ शैयाको २ तारे होटेल दर्ता भएका ।

## ख.पर्यटन प्रबर्द्धनः

- HealthandHygieneप्रोटोकल तयार गरी स्वीकृत भएको । नेपाली तथा अंग्रेजी भाषामा प्रोटोकल छपाई गरी वितरण गरेको । MountainTourismProtocol,Spa, Night LifeTourismProtocolतयार तयार गरिएको। अनलाइन तथा सामाजिक संजाल मार्फत प्रोटोकलको पहुँच अभिवृद्धिगरीएको ।
- देश दर्शन कार्यक्रम प्याकेज स्वीकृत तथा कार्यान्वयनका लागि सात प्रदेशमा कमिटि गठन गरीआवश्यक समन्वय सुरु गरिएको। विभिन्न निजी क्षेत्रसँग सम्बन्धीत संघ संस्था तथा प्रदेश हरुसंग छलफल गरी उचित DomesticTourismका प्याकेजको आव्हान गरी प्याकेज प्राप्त भएको ।
- देशब्यापी रुपमा आन्तरिक पर्यटनको पुर्नरुत्थानका लागि परिचयात्मक तथा अवलोकन भ्रमणहरु सम्पन्न गरिएको ।

- रारा ताल क्षेत्रमा हाल सम्म विभिन्न निकायहरुले तयार गरेका गुरुयोजना तथा व्यवस्थापकीय योजनाहरुको अध्ययन कार्य सम्पन्न गरीएको। ताल क्षेत्र DPRसहितको  वृहत्तर गुरुयोजना तयार गर्ने कार्यको TOR तयार गरिएको ।

## ग.जनशक्ति विकासः

- नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानको झापा जिल्लाको विर्तामोड, महोत्तरी जिल्लाको बर्दिबास र बाँके जिल्लाको नेपालगन्जमा शाखा कार्यालय स्थापना भइ तालिम कार्यक्रमहरु सञ्चालन भइरहेको ।

- मानित विश्वविद्यालयको सट्टा नेपाल पर्यटन तथा पर्वतारोहण अध्ययन प्रतिष्ठानको व्यवस्था गर्न बनेको विद्येयकको मस्यौदा सम्बन्धी अवधारणा पत्र कानून मन्त्रालयबाट सैद्दान्तिक सहमति प्राप्त भई मन्त्रिपरिषदमा पेश भएको ।

- नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट ५३९ जनालाइ तालिम प्रदान गरिएको । नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबाट शैक्षिक तर्फ MHM, BHM, BTTMजस्ता विषय क्षेत्रहरुमा अध्ययन अध्यापन गरीदै आएको छ भने प्रतिष्ठानले आ.व. २०७७/७८ मा शैक्षिक तर्फ  १६२६ जना र तालिम तर्फ ४४९ जना गरी कुल २०७५ जनशक्ति उत्पादन गरेको छ । सामुदायिक होमस्टेहरुमा होमस्टे (घरबास) पर्यटन विकास सम्वन्धी आधारभूत तालिम कार्यक्रम सञ्चालन। रिभर गाइड तालिम २०२१ तयार भएको छ ।

## घ.अन्य उपलब्धिहरुः-

- रात्रीकालीन काठमाण्डौं उपत्यका सम्पदा यात्रा सञ्चालनसम्बन्धी अवधारणा पत्र तयार गरी किर्तिपुर, भक्तपुर, ललितपुर र काठमाडौंमा सम्पदा यात्राको रुट पहिचान भएको। मिस नेपाल तथा अन्य सहभागीहरुद्वारा पाटन तथा काठमाडौंमा सम्पदा यात्रा सम्पन्न गरिएको।

## ८.संस्कृति तर्फः

- विभिन्न मन्दिर गुम्बा, मदरसा लगायत ऐतिहासिक पुरातात्विक वस्तुहरुको पुनः निर्माण, अध्ययन, संरक्षण, गुरु योजना तर्जुमा लगायतका कार्यहरु सम्पन्न भएको ।
- पशुपतिनाथ मन्दिरमा १०८ केजी सुनको जलहरी जडान गर्ने कार्य सम्पन्न ।
- बौद दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, पाथिभारा क्षेत्र विकास समिति, बौद्धनाथ क्षेत्र विकास समिति, मनकामना क्षेत्र विकास समिति, देवघाट क्षेत्र विकास समिति, बृहत बराह क्षेत्र विकास समिति, हलेसी महादेवस्थान विकास समिति, तारागाउँ विकास समिति, नेपाल पञ्चाङ्ग निर्णायक समिति, नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिहरुबाट त्यस क्षेत्रको पूर्वाधार विकास संरक्षण लगायतका काम सम्पन्न भएको ।
  - भूकम्पबाट क्षति पुगेका ऐतिहासिक एवम पुरातात्विक १३८ वटा सम्पदाहरुको पुनःनिर्माण भएको ।

- जानकी मन्दिरको संरक्षण कार्य, बारा सिम्रोनगढ पुरातात्विक स्थलमा भ-भौतिक सर्वेक्षण गर्ने कार्य सम्पन्न, कीर्तिपुर चम्पादेवीस्थित राष्ट्रिय सांस्कृतिक संग्रहालयको गुरुयोजना अनुसार पुर्वाधार सहितको निर्माण कार्य सम्पन्न भएको ।
- पर्यटकीय एवं धार्मिक स्थलको सुरक्षाका लागि सुरक्षा पर्खाल लगाउने, मजार बाबाको र जुम्लाको कनकासुन्दरी मन्दिरको संरक्षण कार्य सम्पन्न ।
- चालु आ.ब मा विनियोजित बजेट मध्येबाट १५ वटा घरहरु, ५ विगाहा जमिन खरिद कार्य सम्पन्न कपिलवस्तुमा गरीएको । शुरुदेखि हालसम्म ३० विगाहा जमिज र १५ वटा घरहरु नेपाल सरकार पुरातत्व विभागको नाममा आइसकेको छ ।
- विभिन्न राष्ट्रिय पुरस्कार : ४५ विधामा राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान गर्नु हुने व्यक्तिहरुलाइ पुरस्कारद्धारा सम्मान गरीयो ।
- राष्ट्रव्यापी कला, कृतिहरु समेटेर राष्ट्रिय ललितकला पर्दशनी २०७८ सम्पन्न ।
- तिब्बती ग्रन्थहरुको सूचि तयार पारी प्रकाशन गर्ने कार्य डिजिटल इमेज म्यानेजमेन्ट, शिलालेख एवं ताम्रपत्रका उत्तारहरुको लिप्यान्तरण र भाषान्तरण, नेपालका विभिन्न भागमा छरिएर रहेका अभिलेखहरु संकलन तथा डिजिटाइजेसनको कार्य, भूकम्पबाट क्षति भएका स्मारकहरुको अभिलेख विवरण संकलनकार्य सम्पन्न भएको ।
- प्रतिलिपि अधिकार कानून सम्वन्धी विभिन्न सरोकारवालाका लागि विभिन्न किसिमका तालिम एवम अन्तरकृया सम्पन्न ।

## ९. नागरीक उड्डयनः-

- आन्तरिक विमानस्थलहरुको निर्माण सुधार, विस्तार एवम यान्त्रिकरण कार्य अन्तरगत चन्द्रगढी, तुम्लिङ्गटार, राजबिराज, ईलाम, बझांग, बैतडी, डोटी तथा सिमिकोट ,जनकपुर ,नेपालगंज , रारा (मुगु),रामेछाप ,लुक्ला ,मसिनेचौर लगायतका विमानस्थलहरुको स्तरोन्नति एवम सुधार गरियो ।
- हवाई सुरक्षा व्यवस्था प्रभावकारी एवम गुणस्तरिय बनाउन वायुसेवा कम्पनीहरुको अडिट कार्य लगायत आवश्यक कार्यविधि संसोधन गर्ने काम सम्पन्न गरिएको ।
- अन्तर्राष्ट्रिय नागरीक उड्डयन संगठनको मापदण्ड पूरा गरी सम्बन्धीत वायुसेवा, वायुयान मर्मत संस्था लगायत प्राधिकरणबाट जारी वायुसेवा सञ्चालनसंग सम्वन्धित जनशक्तिको इजाजतपत्रको स्तरीकरण गरी लागू गरीएको। उडान सुरक्षामा उल्लेख्य सुधार गरी वायुयान दुर्घटनाका दर न्यूनिकरण गरिएको ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अग्निनिवारण तथा जीवनोद्धार सेवाको लागि Watch Tower Console Replacementगरी सञ्चालनमा ल्याईएको ।
- नेपालगंज, बिराटनगर, सिमरा, भरतपुर लगायत १० वटा विमानस्थलहरुमा ATC Console Replacementगरी सञ्चालनमा ल्याइएको छ ।
- विभिन्न १७ वटा आन्तरिक विमानस्थलहरुमा Meteorological System and Accessories (WMO Certified)जडान कार्य सम्पन्न भएको छ।

## क) नेपाल वायु सेवा निगमः-

- चार वटा (२ वाइडबडी र २ न्यारोबडी)जहाजबाट नौवटाअन्तर्राष्ट्रिय गन्तव्य (नरिता, दोहा, दुवई, क्वालालम्पुर, हङकङ, बैंकक, दिल्ली, मुम्वई र बैंग्लोर) मा उडान सेवा सञ्चालनभएको।
- आन्तरिकगन्तव्यतर्फ १७गन्तव्यमा उडान सेवा सञ्चालनभएको ।
- आन्तरिक उडानका लागिअनलाइन टिकेटिङ प्रणाली कार्यान्वयनमा रहेको छ ।
- त्रिभुवनअन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक विक्रीकक्षको शुभारम्भ । ज्येष्ठ नेपालीनागरीककालागीआन्तरिक उडानको भाँडामा ५० प्रतिशत छुट,क्यान्सर पीडितलाई निःशुल्क टिकटको व्यवस्था ।निगमले प्रदानगर्ने सेवालाई सहज सरल र पुहँच योग्यबनाउँदै Mobile App सञ्चालनमाल्याएको छ ।
- परम्परागतFlight DispatchOffice बाट N–tracking/N–RAIM/ACARS/VHF AOCC२४ घण्टे सिफ्टमा Flight Dispatcher खटाई ICAO को मापदण्ड अनुसार परिणत गरेको ।
- निगमका पाइलटहरुको मापसे जाँचको लागिBiometric sensing, Recording capability भएको ISO 9001 certified अत्याधुनिक ब्रेथलाइजर को स्थापनातथालागूगरिएको ।

## ख) अन्य उपलब्धीहरुः-

- COVID 19 को कारण सृजित अप्ठयारो परिस्थितिमा वायुसेवा कम्पनीहरु तथा विमानस्थल परिसरमा सञ्चालित व्यवसाय समेतलाई छुट/सहुलियत दिने सम्बन्धी प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद)मा पेश गरिएको ।

## १०.नीतिगतसुधारकाप्रयासहरुः-

## क.संस्कृति सम्बन्धीः-

- प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रियसभामा पेश गरिएको ।
- अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रिय सभामा पेश गरिएको ।
- सामाजिक विविधताको संरक्षण र प्रवर्द्धन गर्न नयाँ राष्ट्रिय संस्कृति संरक्षण तथा प्रवर्द्धन नीतिको मस्यौदा गर्ने कार्य अन्तर्गत संस्कृति प्रवर्द्धन नीतिको मस्यौदा तयार ।

## ख.पर्यटन सम्बन्धीः-

- नयाँ पर्यटन विधेयक, २०७७ को मस्यौदामा नेपाल सरकार मन्त्रिपरिषदबाट ऐन तर्जूमाका लागि सैद्धन्तिक सहमति प्राप्त भएको र मन्त्रिपरिषदबाट स्वीकृत लिने तयारी अवस्थामा रहेको ।
- पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० मा संशोधन भएको ।
- पर्वतारोहण नियमावली २०५९को संसोधन मस्यौदा स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने क्रममा रहेको ।
- नेपाल होटल मापदण्ड २०७६ मा संशोधन गरिएको ।
- नेपाल पर्यटन तथा पर्वतारोहण अध्ययन प्रतिष्ठानको व्यवस्था गर्ने विधेयक, २०७७ को मस्यौदा तर्जुमा गर्न सैद्धन्तिक स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको ।
- रात्रीकालीन पर्यटन व्यवसाय सम्बन्धी स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७ तर्जुमा गरिएको ।
- मानित विश्वविद्यालयको सट्टा नेपाल पर्यटन तथा पर्वतारोहण अध्ययन प्रतिष्ठानको व्यवस्था गर्न बनेको विधेयक मन्त्रिपरिषदमा पेश भएको ।

### ग.नागरीक उड्डयन सम्बन्धीः-

- नयाँ हवाई नीति मन्त्रिपरिषदमा पेश भएको ।
- नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७७ तथा नेपाल नागरीक उड्डयन प्राधिकरण विधेयक, २०७७ राष्ट्रिय सभामा पेश भएको ।
- साविकको गैह सैनिक हवाई उडान (सिभिल एभियशन) ऐन, २०१५ लाई प्रतिस्थापन गर्न नेपाल नागरीक उड्डयन विद्येयक तर्जुमा गरी सरोकारवाला मन्त्रालयको सहमतिको लागि पठाइएको ।
- गैह्र सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ परिमार्जनको प्रारम्भिक मस्यौदा तयार भएको ।
- विमानस्थल दस्तुर नियमावली, २०६७ लाई संशोधन परिमार्जन सहित नयाँ नियमावली तर्जुमाको लागि मन्त्रिपरिषदमा प्रस्ताव लैजाने अन्तिम तयारीमा रहेको ।

## ११. अन्य निकायहरुको प्रगतिः-

### क.नेपाल प्रज्ञा–प्रतिष्ठानः-

नेपाल प्रज्ञा–प्रतिष्ठानले आ.व.२०७७/०७८ मा अध्ययन/अनुसन्धानतर्फ ८३ ओटा शीर्षकमा अनुसन्धान कार्यका निम्ति सम्झौता भई अधिकांश कार्य सम्पन्न भएका छन् । यस आ.व. मा ३६ ओटा गोष्ठीहरू सम्पन्न भएका छन् । यस सन्दर्भमा नेपाल प्रज्ञा–प्रतिष्ठानले आ.व. २०७७/०७८ मा सम्पन्न गरेको अध्ययन/अनुसन्धान, गोष्ठी, सम्मेलन तथा प्रकाशनसँग सम्बन्धीत मुख्य–मुख्य कार्यको प्रगति देहाय बमोजिम रहेको छ।

१. डाटाबेस निर्माण ।

२. महाकवि लक्ष्मीप्रसाद देवकोटा सङ्ग्रहालय निर्माण प्रारम्भ ।

३. नेपाल प्रज्ञा–प्रतिष्ठानको वेबसाइट पुनःर्निर्माण ।

४. इ–लाइब्रेरीको स्थापना ।

५. प्रज्ञा नेपाली–अङ्ग्रेजी शब्दकोशको संशोधन ।

६. कर्णाली क्षेत्रमा प्रचलित खस भाषाका उखान–टुक्काहरू ।

७. नेपाली संस्कृतिको विवेचना ।

८. कर्णाली प्रदेशमा प्रचलित दर्शन परम्परा ।

९. पाश्चात्य दर्शन ।

१०. तस्वीरमा नेपाल ।

११.नेपालमा लिच्छवि शासन ।

१२. कोयी–नेपाली–अङ्ग्रेजी शब्दकोश ।

१३. नेपाली कविताको प्रादेशिक इतिहास ।

१४. प्रतिनिधि नेपाली समालोचनाहरूको सङ्कलन र हिन्दी भाषामा ।

१५. कथा दर्शन ।

१६. आख्यानेतर गद्य विधाको सैद्धान्तिक स्वरूप ।

१७. समालोचनाको सैद्धान्तिक स्वरूप ।

१८. नेवाः लोकसाहित्य ।

१९. थारू लोकसाहित्य ।

२०. नेपाली लोकविश्वास ।

२१. लोकवार्ता कोश ।

२२. उत्तर अमेरिकी नेपाली कविता ।

२३. राष्ट्रिय कविता महोत्सव ।

२४. मातृभाषा राष्ट्रिय कविता महोत्सव ।

२५. विभिन्न गोष्ठी सम्पन्न ।

२६.महत्वपूर्ण पुस्तकहरूको प्रकाशन

**ख.नेपाल सङ्गीततथा नाटय प्रज्ञा–प्रतिष्ठानका मुख्य उपलव्धीहरुः-**

१."नेपाल सङ्गीततथा नाटय राष्ट्रिय प्रज्ञा पुरस्कार–२०७७"विगतकावर्षहरुझैं यस वर्ष पनिसङ्गीत, नाटय तथा नृत्य विधाका ६ जनावरिष्ठ शाधकहरुलाई जनही रु १,००,००१। नगद सहितसम्मानसमर्पण गरेको ।

२. नाटय सम्राट वालकृष्ण समको ११९ औं जन्मजयन्ती, नेपाली राष्ट्रिय गानका सङ्गीतकार एवं पूर्व कुलपतिअम्बर गुरुङ्गको ८३औं जन्मजयन्तीतथा प्रज्ञा प्रतिष्ठनको वार्षिकोत्सव प्रज्ञा–प्रतिष्ठानको प्राङ्गणमा मनाइएको ।

४. सामाजिक सञ्जालका माध्यमवाट सप्साहव्यापीशास्त्रीय सङ्गीत सम्मेलनआयोजनागरिएको ।

५. नेपालीमौलिकबाजाहरु टुङ्गना, सारंगी, सनाई–धिमे, खैजडी, मादल, च्याब्रुङको आधारभुत पाठ्यपुस्तकनिर्माण गर्ने कार्य सम्पन्न ।

६. ५० वटा नेपाली राष्ट्रिय गीतहरुकोपूर्वीय र पाश्चात्य स्वर लिपि सहित पुस्तकप्रकाशनकार्य सम्पन्न ।

७. ओलाङ्गचुङ्गगोला र घुम्सा भेग, थारु समुदाय र सौका समुदायको भाकाअभिलेखिकरण गर्ने कार्य सम्पन्न ।

८. नवप्रतिभाहरु लाई समावेश गराई नाटक लेखन कार्यक्रम सञ्चालन गरी मुल्याङ्कनपश्चातउत्कृष्ठ ठहरिएका नाटकलाई पारिश्रमिकप्रदानगरीएको ।

९. वेज प्रा.लि. नवलपरासीद्वारा क्लाउन नाटक "सँग सँगै हिडौं न"विषयक नाटक तयारी गरी भिडीयो निर्माण तथाआरोहण गुरुकुलविराटनगरबाट सन्थालजातिको नाटकको भिडियो निर्माण कार्य सम्पन्न ।

१०. वरिष्ठ श्रष्टा पुष्परत्नतुलाधर र जे.वि. टुहुरेको कृतित्वतथाव्यक्तित्व सहितको दैनिकी समेत झल्कने गरी विस्तृत अन्तवार्ताको छायाङ्कन कार्य सम्पन्न ।

११.सङ्गीत, नाटक तथा नृत्य विधाकाविभिन्नशोधमुलक लेख रचना सहितको अर्ध-वार्षिक जर्नल 'रङ्गराग' २अंकप्रकाशन।

## ग.राष्ट्रिय अभिलेखालयः-

१. कुमारीचोकका १२,५०० पाना अभिलेखहरुको Archival Boxमा संरक्षण कार्य सम्पन्न ।

२. राष्ट्रिय अभिलेखालयको संकलनमा रहेको ३०० थान भक्तपुरका शिलालेखहरुको विवरण सहित नेपाली भाषा तथा देवनागरी लिपीमा अनुवाद गर्ने कार्य सम्पन्न भयो ।

३. ऐतिहासिक सम्पदा क्षेत्रमा रहेका ६९२ थान सहितको लगत तयार गरी काठमाडौं उपत्यका तीनै वटा जिल्लाका अभिलेखहरुको विस्तृत विवरण सहितको लगत तयार गर्ने कार्य सम्पन्न ।

४. १, ३०,२३२ अभिलेख तथा माइक्रोफिल्मको डिजिटाइजेशन गर्ने कार्य सम्पन्न ।

६. २,५०,००० डिजिटल इमेजहरुलाई Tagging and Digital catalogingगरीImage Management System मा upload गर्ने कार्य सम्पन्न ।

७. राष्ट्रिय अभिलेखालयमा रहेको ग्रन्थहरुको अध्ययन गरी भाषान्तर र लिप्यान्तर सहित ईश्वरवाद र शिवधर्म सम्बन्धी दुई विषयको पुस्तक सम्पादन गर्ने कार्य भयो ।

८. विगतमा सम्पादित ग्रन्थहरु मध्ये वैधजिवनम् र पथ्यापथ्यसंग्रह नामक आर्युवेद सम्बन्धी पुस्तक, तिब्बेतियन क्याटलग र अभिलेख सहित ४ वटा पुस्तक प्रकाशन गर्ने कार्य भयो ।

९. वृहत आध्यात्मिक परिषद्का असुरक्षित, जीर्ण अवस्थामा रहेका १५,५५३ थान पुस्तक तथा ३५० थान ग्रन्थहरुको सरसफाई गरी सूचीकरण गरीयो ।

१०. नारायणहिटी संग्रहालय श्री सदनमा थुपारिएका कागजातहरु मध्येबाट ८०० थान कागजातहरु संकलन गरी प्रारम्भिक संरक्षण तथा सूचीकरण गर्ने कार्य गरिएको ।

## घ.बौद्ध दर्शन तथा गुम्बा विकास समितिः-

(क) संस्कृति, पर्यटन संरक्षण तथा जिर्णोद्धार सम्बन्धी (गुम्बा/विहारहरु)लाई आर्थिक सहयोग सम्बन्धमा।

(ख) ईन्टरनेट एप्स बौद्ध पात्रो निर्माण।

(ग) ईन्टरनेट/वेवसाईट अध्यावधिक।

(घ) प्राचिन थाङ्का संरक्षण तालिम।

(ङ) सोरिग (आम्ची) तालिम।

(च) प्राचीन मूर्ति संरक्षण तालिम।

(छ) गुम्बा व्यवस्थापन तालिम कार्यक्रम

(ज) ऐतिहासिक धार्मिक पुस्तक (छ्योई) संरक्षण सम्बर्द्धन एवं अनुवादन कार्यक्रम।

(झ) धर्मदेशना (प्रवचन) कार्यक्रम।

(ञ) गोष्ठी तथा कार्यशाला (आनीहरुलाई सामाजिक गतिविधिहरुमा सरिक गराउने) कार्यक्रम।

(ट) त्रिपिटक (बौद्ध धर्मको प्रमुख ग्रन्थ) खरिद।

(ठ) गुम्बा/विहार वर्गिकरण।

(ड) गुम्बा/विहार संस्कृतिक सम्पदनको संरक्षण तथा श्रव्य दृश्य निर्माण तथा प्रशारण।

(ढ) पुस्तक तथा सामाग्री खर्च (गुम्बा शिक्षाको लागि पुस्तक र वार्षिक प्रतिवेदन प्रकाशन।

(ण) प्राचीन गुम्बाहरुको अध्ययन अनुसन्धान सम्बन्धी इन्टर्नशीप कार्यक्रम।

(त) गुम्बा/विहार शिक्षा कार्यक्रम।

## ङ.बौद्धनाथ क्षेत्र विकास समिति :-

- विश्व सम्पदा सूचीमा सूचीकृत यस बौद्ध महास्तूपको मुल प्रवेशद्वारा भित्र विछ्याएको ढुङ्गा परिवर्तन साथै

- (केब्स मार्ग/घ्योई लिसाङ मार्ग) पैदलमार्गमा बिछ्याउने कार्य सम्पन्न ।
- चुच्चेपाटी स्थित शुभारम्भ पार्कमा बोघि चैत्य (ज्याङछुप छ्योर्तेन) निर्माण कार्य सम्पन्न ।
- बौद्ध तीनचुलीमा रहेको नाम्ग्याल ज्याङछुप छोईलिङ्ग गुम्बा, वागमती कोरिडोरबाट सर्वेश्वर मन्दिर प्रवेश गर्ने र बौद्धनगर विकास क्षेत्र प्रवेश गर्ने स्थानहरुमा प्रवेशद्वारहरुको निर्माण कार्य सम्पन्न गरिएको छ ।
- कामपा –६ सिमलटार महामुत्युञ्जय मन्दिर परिसरमा सतल निर्माण, सिद्धिनगरमा सिद्धेश्वर मन्दिर परिसरको वाल, रेलिङ्ग तथा ढुङ्गा बिछ्याउने कार्य सम्पन्न ।
- कामपा वडा नं. ६ बौद्ध, नयाँबस्तीमा ३ थान बौद्ध मूर्तिहरु निर्माण र धर्मचक्र (माह्रे) स्थापना गर्ने कार्य सम्पन ।

## च.नेपाल पञ्चाङ्ग निर्णायक समितिकामुख्य उपलव्धीहरु

१) यस समितिले समितिको मुखपत्र "पञ्चाङ्ग भाष्कर" नामक पत्रिका प्रकाशित गरियो ।

२) विभिन्न संग संस्थाहरूबाट माग भए अनुसार चाडपर्वहरुको साइत दिने कार्य गरियो ।

३) ज्योतिष तथा कर्मकाण्ड सम्वन्धी प्रशिक्षण सञ्चालनगरियो ।

४) यस समितिमा स्वीकृतिका लागि पेश भएका बिभिन्न पञ्चाङ्गहरूलाई अनुगमन गरी पञ्चाङ्गलाई स्वीकृति प्रदान गरियो ।

५) गृह मन्त्रालय र सूचना विभागलाई २०७८ सालको डेट प्याड समितिमा व्यापक छलफल र निर्णय गराई प्रदान गरियो।

६) राष्ट्रलाई आवश्यक पर्ने विभिन्न मुहूर्तहरूको निर्णय तथा विभिन्न धर्म, जातजाती र सम्प्रदायका चाडपर्वहरू निर्णय गरियो ।